गाउँ कार्यपालिकाको बैठक औ
मिति २०८२/०७/३०
समयः विहान ७:०० बजे

आज मिती २०८२/०७/३० गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिती

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री वाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण वहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा राई घिमिरे | गा.पा. सदस्य |
| श्री सावित्रा देवी फुयल | गा.पा. सदस्य |
| श्री नैनकला सर्ई | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री गणेश राई | का.वा. वडा अध्यक्ष वडा नं. १ |

श्री गंगा वहादुर तामाङ  का.वा. वडा अध्यक्ष वडा नं. ८

श्री अदित दाहाल  प्रमुख प्रशासकीय अधिकृत

बैठक समन्वय सहयोगी

लेखापाल श्री अर्जुन जंग बस्नेत

सव इन्जिनियर श्री जितेन्द्र अधिकारी

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

कार्यालय सहयोगी श्री सुवास गिरी

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका वैठक समिक्षा सम्वन्धमा ।
२. खेलकुद कार्यक्रम सहयोग सम्बन्धमा।
३. उपदान सम्बन्धमा।
४. दररेट सम्बन्धमा।
५. बेरुजु रकम फिर्ता सम्बन्धमा।
६. आर्थिक सहयोग सम्बन्धमा।
७. फलफुल निकासी ठेक्का सम्बन्धमा।
८. शिक्षकको स्थानीय भत्ता सम्बन्धमा।
९. ढुंगा, गिटी, बालुवाको कर संकलन गर्ने सम्बन्धमा।
१०. ढुंगा, गिटी, बालुवाको अवैध उत्खनन नियन्त्रण सम्बन्धमा।
११. आगामी कार्यपालिका बैठक सम्बन्धमा।
१२. DPR स्वीकृत गर्ने सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १ अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा ।
अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो।

निर्णय नं. २ आर्थिक सहयोग सम्बन्धमा।
यस गाउँपालिकाको वडा नं ४ र वडा नं ७ मा संचालन भएको फुटवल प्रतियोगिताका लागि तपसिल बमोजिमको संस्थाहरूलाई खेलकुद शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं. | संस्थाको नाम | रकम |
|---|---|---|
| १ | नागी युथ क्लब | १,००,०००।-(एक लाख) |

| २ | जेन्जी युवा क्लब | १,००,०००।–(एक लाख) |
|---|---|---|

**निर्णय नं. ३ उपदान सम्बन्धमा।**

यस गाउँपालिकाको वडा नं ४ मा मिति २०६०।०५।२६ गतेबाट अस्थायी नियुक्ति भई मिति २०८२।०१।३० सम्म अविच्छिन्न रूपमा कार्यरत रही उमेरहदका कारण अनिवार्य अवकाश हुनुभएका कार्यालय सहयोगी श्री बलराम घिमिरेलाई अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को परिच्छेद ७, बुँदा नं ५१ र यस कार्यालयको कर्मचारी कल्याण कोष कार्यविधि २०७५ अनुसार देहायको रकम कर्मचारी कल्याण कोषबाट उपदान दिने निर्णय गरियो।

देहायः

| सि.नं. | विवरण | कार्यरत अवधि | प्रति ईकाइ रकम | नियमानुसार पाउने प्रति ईकाइ रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | उपदान | १९ वर्ष ५ महिना | २४७०२।- | ३७०५३।- | ७,०४,००७।- |

**निर्णय नं. ४ दररेट सम्बन्धमा।**

आर्थिक वर्ष २०८२।८३ मा यस गाउँपालिकाको मुन्दुम पदमार्गमा आधारित पर्यटन विकास परियोजना कार्यान्वयन हुने भएकाले उक्त क्षेत्रको भौगोलिक विकटता, अत्यधिक चिसो मौसम, यातायातको असुविधाले सबै सामाग्री मानिसद्वारा ढुवानी गर्नुपर्ने तथा आवासीय सुविधाको अभावलाई समेत ध्यानमा राखि परियोजनामा काम गर्ने कामदारको दैनिक ज्यालादर रू. १३००।- (एक हजार तिन सय) कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ बेरुजु रकम फिर्ता सम्बन्धमा।**

आ.व. २०८१।८२ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनले औंल्याएको तपसिल बमोजिमको बेरुजु रकम फिर्ता गर्ने निर्णय गरियो।

तपसिलः

१. लघु उद्यम कार्यक्रममा २० प्रतिशत लागत सहभागिताको रकम पालिकाको आन्तरिक राजस्व खातामा जम्मा भएकोले सो रकम संघीय सरकारको संचित कोषमा फिर्ता गर्ने रू. १,४६,४६४।-

२. प्रदेश समपूरक अन्तर्गत पालिकाले ३५ प्रतिशत लागत साझेदारी गर्नुपर्नेमा ३० प्रतिशत मात्र लागत साझेदारी गरेकोले सो ५ प्रतिशत रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रू. ६,७२,७७०।

निर्णय नं. ६ आर्थिक सहयोग सम्बन्धमा।
आ.व.२०८२।८३ मा यस गाउँपालिकामा भएको तपसिल बमोजिमको तालिम कार्यक्रममा भएको खर्चमा सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः

| सि.नं. | कार्यक्रमको नाम | सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | हस्तकला सम्बन्धी १५ दिने तालिम (युनेस्को क्लब) | १,६०,०००।- | सम्बन्धित होटलहरूलाई भुक्तानी दिने। |

**निर्णय नं. ७ फलफुल तथा जडिबुटी (चिराइतो, अलैंची) जन्य सामाग्री निकासी ठेक्का सम्बन्धमा।**
आ.व.२०८२।८३ मा यस गाउँपालिकाबाट निकासी हुने फलफुल तथा जडिबुटी (चिराइतो, अलैंची) जन्य सामाग्री निकासीका लागि न्यूनतम कबोल अंक रू.३,००,०००।– (तीन लाख) (VAT सहित) कायम गरि सिलबन्दी दरभाउपत्र आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ८ शिक्षकको स्थानीय भत्ता सम्बन्धमा।**
यस पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूले स्थानीय भत्ता माग गरेको हुँदा शिक्षकहरूलाई स्थानीय भत्ता दिन मिल्ने/नमिल्ने सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा राय माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ ढुंगा, गिटी, बालुवाको कर संकलन गर्ने सम्बन्धमा।**
यस गाउँपालिकाबाट ढुंगा, गिटी, बालुवा संकलन तथा बिक्री वितरण गर्नका लागि ३ पटक ठेक्का खुलाउँदा समेत कुनैपनि ठेकेदार फर्महरूबाट प्रस्ताव पेश नभएकाले उक्त ढुंगा, गिटी, बालुवाको कर सम्बन्धित वडा कार्यालयहरूबाट संकलन गर्ने निर्णय गरियो।

**निर्णय नं. १० ढुंगा, गिटी, बालुवाको अवैध उत्खनन नियन्त्रण सम्बन्धमा।**
यस गाउँपालिकाको नदीजन्य स्रोत (ढुंगा, गिटी, बालुवा) को अवैध उत्खनन नियन्त्रणको लागि सूचना जारी गर्ने र अवैध उत्खनन भएको भेटिएमा प्रति गाडी ट्र्याक्टरको रू.१५०००।– र टिप्परको रू.३००००।– जरिवाना गर्ने निर्णय गरियो। अवैध उत्खनन् भएको अवस्थामा सवारी साधन नियन्त्रण गरि ल्याउने प्रहरीलाई जरिवाना रकमको ५० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ११ आगामी कार्यपालिका बैठक सम्बन्धमा।**
यस गाउँपालिकाको आगामी कार्यपालिका बैठक टेम्के डाँडामा पर्यटन प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन प्रमुख एजेन्डा सहित साकेला गाउँपालिकासँग समन्वय गरि आयोजना गर्ने निर्णय गरियो।

निर्णय नं. १२ DPR स्वीकृत गर्ने सम्बन्धमा।

यस गाउँपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार बृहत सांस्कृतिक संग्रहालय पार्क निर्माण तथा संस्कृति अध्ययन केन्द्रको DPR तयार भई कार्यपालिकामा पेश भई आएको हुदाँ उक्त DPR स्वीकृत गरी DPR पेश गर्ने कन्सलटेन्सीलाई भुक्तानी दिने निर्णय गरियो।